**मुख्यमन्त्री दलित आयआर्जन प्रवद्धन कार्यक्रम सञ्चालन सम्बन्धि प्रस्ताव आह्वानको सुचना**

**दोस्रो पटक सुचना प्रकाशित मितिः २०७८।१२।०८**

कर्णाली प्रदेश सरकारले गरिब बेरोजगार तथा विपन्न दलितको परम्परागत पेशामा वा व्यवसायलाइ आधुनिकिकरण गर्दै आयआर्जन क्षमता विकास गर्न यस कार्यालयले प्रथम पटक मितिः २०७८।११।२२ गते सुचना प्रकाशन गरेकोमा सिप विकास तालिम कार्यक्रम र वित्तिय पहुँच सहयोग कार्यक्रम मा सिमित मात्रामा मात्र प्रस्ताव पर्न आएकोले हुम्ला जिल्ला भित्रका इच्छुक दलित, दलित समुदाय तथा दलितलाइ वित्तिय पहुँच सेवा दिन व्यक्ति/सहकारी संस्थाले यो सुचना प्रकाशन भएको ७ दिनभित्रमा मुख्यमन्त्री दलित आयआर्जन प्रबद्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७८ को दफा ८ को उप दफा २ बमोजिम यो सुचना प्रकाशन गरिएको छ ।

| क्रस | कार्यक्रम | आवश्यक लाभग्राही संङ्ख्या |
|---|---|---|
| १ | सिप विकास तालिम कार्यक्रम | ६० जना |
| २ | वित्तिय पहँच सहयोग कार्यक्रम | १०४ जना |

आवश्यक कागजातः

१. सीप विकास तालिम कार्यक्रमको लागीः

क. नेपाली नागरिकताको प्रतिलिपी,

ख. सम्बन्धित निर्वाचन क्षेत्रमा कम्तिमा ६ महिना अगाडी देखि बसोबास गरेको समान प्रकृतिको कार्यक्रमबाट लाभ प्राप्त नगरेको र विपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा गर्दै आएको व्यहोराको स्थानिय तहको सिफारिस,

ग. कार्यविधिको अनुसुची ३ बमोजिमको परियोजना प्रस्ताव,

घ. सिप विकास तालिम कार्यक्रमको लागी परम्परागत पेशा वा व्यवसायमा संलग्न भएको प्रमाण र तालिम पछी आय आर्जन व्यवसायमा संलग्न हुने कबुलियतनामा ।

२. वित्तिय पहँच सहयोग कार्यक्रमको लागी आवश्यक कागजातः

क. सहकारी संस्थाको संस्था दर्ता प्रमाणपत्र विनियम पछिल्लो लेखापरिक्षण प्रतिवेदन कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

ख. कार्यबिधिको अनुसुची १ बमोजिमको व्यावसायिक योजना र अनुसुची ४ बमोजिमको प्रतिबद्धता पत्र,

ग. सहकारी संस्थाको साधारण सभा वा सञ्चालनका समितिबाट विउँपुजी रकम प्राप्त गरी आयआर्जन कार्यक्रममा अधिकतम परिचालन गर्ने व्यहोराको निर्णयको प्रतिलिपी,

घ सहकारी संस्थाको कार्यक्षेत्र वित्तिय क्षमता शेयर सदस्य संङ्ख्या र संगठनात्मक संरचनाको विवरण खुलेको कागजात,

ङ पेशा वा व्यवसायलाइ निरन्तरता गर्ने लिखित प्रतिबद्धता ।

३ वित्तिय पहुँच सहयोग कार्यक्रमको लागी व्यक्तिले पेश गर्नुपर्ने कागजातः

क. नेपाली नागरिकताको प्रमाणपत्र,

ख. अनुसुची ३ अनुसारको आवेदन,

सिमकोट गाउँपालिका
आ.व.: ०७८/०७९
१००१
२०७८।१२।०८

ग. कार्यविधिको अनुसुची १ बमोजिमको ब्याबसायिक योजना लागत साझेदारी प्रस्ताव सम्बन्धित पेशा वा व्यवसायको तालिम लिएको प्रमाणपत्र ब्यवसाय दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

घ. पेशा ब्यबसायलाइ आधुनिकिकरण आवश्यक मेशिन औजार उपकरण वा पुर्वाधार निर्माणको ब्यवसायिक प्रस्ताव,

ङ. समुहगत लाभग्राहीको हकमा प्रत्येक समुहमा फरकफरक घरपरिवारका कम्तिमा पन्ध्र जना लाभग्राही समेटिएको समुहको निर्णयको प्रतिलपी र सदस्यको नामावली,

च. पेशा वा ब्यवसायलाइ निरन्तरता गर्ने लिखित प्रतिबद्धता,

थप जानकारीको लागी सम्पर्क

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय हुम्ला ।

सम्पर्क नं. ०८७६८००५२, ९८५८३२०८६९, ९८५८३२०८६३, ९८५८०५१८१६

नि.कार्यालय प्रमुख